
# एड्रिनलको कमी भनेको के हो?

एड्रिनलको कमी भनेको एड्रिनल ग्रन्थी (प्रत्येक मृगौलाको माथिल्लो भागमा अवस्थित) ले महत्त्वपूर्ण हर्मोनहरूको सही मात्रा बनाउन नसक्ने अवस्था हो।

यी हर्मोनहरूमा कर्टिसोल र एल्डोस्टेरोन समावेश हुन्छन्। तिनीहरूले रक्तचाप र रगतमा चिनीको मात्रा सामान्य राख्नु साथै नुन र पानीको सन्तुलन कायम राख्न मद्दत गर्छन्। शरीरलाई सङ्क्रमणसँग लड्न वा सर्जरी, हड्डी भाँचिएको वा अन्य रोगहरूबाट निको हुन पनि यी हर्मोनहरू महत्त्वपूर्ण हुन्छन्।

एड्रिनलको कमीको राम्रोसँग उपचार नगरिएमा जीवन खतरामा पार्न सक्छ।




## एड्रिनलको कमी हुनुको कारण

एड्रिनलको कमी निम्न अवस्थामा हुन सक्छ:

- एड्रिनल ग्रन्थीमा कुनै समस्या भएको कारणले राम्रोसँग काम गर्न नसक्दाv
- एड्रिनल ग्रन्थीले मस्तिष्कबाट पर्याप्त हर्मोनहरू बनाउने सही सिग्नल प्राप्त गर्न नसक्दा
- स्टेरोइडको दीर्घकालीन प्रयोगको परिणामस्वरूप

## लक्षणहरू

एड्रिनलको कमीका लक्षणहरूमा निम्न कुरा समावेश हुन्छन्:

- वाकवाकी वा बान्ता
- रुघा, छाला चिसो हुने
- मुटुको धड्कन बढ्नु वा सास छिटो हुने
- कमजोरी, रिँगटा, पहेँलो हुने
- भ्रम महसुस हुने
- मुख सुख्खा हुने, तिर्खा लाग्ने, पिसाबमा कमी आउने (जलवियोजनका सङ्केतहरू)

## उपचार

एड्रिनल ग्रन्थीले आफैँले पर्याप्त कर्टिसोल नबनाएमा औषधि लिनु पर्छ (हाइड्रोकर्टिसोन, डेक्सामेथासोन वा प्रेड्निसोन, अङ्ग्रेजीमा मात्र उपलब्ध).

बालबालिका बिरामी भएमा स्टेरोइडको अतिरिक्त डोज लिनु पर्ने हुन्छ। आमाबुवालाई औषधिको अतिरिक्त डोज कहिले दिने र तपाईंको बच्चा धेरै बिरामी भएमा मांशपेशीमा आपत्कालीन इन्जेक्सन कसरी दिने भनेर निर्देशनहरू आवश्यक पर्ने छ।

यो भिडियोले (अङ्ग्रेजीमा मात्र उपलब्ध) हाइड्रोकर्टिसोन इन्जेक्सन कसरी दिने भनेर देखाउँछ।

## डाक्टरलाई कहिले कल गर्ने

तपाईंको बच्चा बिरामी छ र स्टेरोइड औषधिको अतिरिक्त डोज दुई दिनभन्दा बढी चाहिने भएमा वा तपाईंको बच्चालाई आपत्कालीन इन्जेक्सन लगाउनु परेमा आफ्नो इन्डोक्राइनोलोजी प्रदायकलाई कल गर्नुहोस्।